# साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

पृष्ठभूमीः

पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकाय र अन्य निकायहरुबाट पशुजन्य उत्पादन वृद्धि गर्न त्यस्को गुणस्तर कायम राख्न प्रशोधन गर्न र बजारीकरण गर्दै देशमा दुग्ध उत्पादन अभिबृद्धीमा जोड दिन एवं पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता अनुसार दुधमा आत्मनिर्भर हुन समेत आवश्यक भएको छ । एकातिर परिमाणात्मक रुपमा दुधको उत्पादन बृद्धी गर्नुपर्ने आवश्यकता रहेको छ भने अर्कातिर गुणस्तरीय दुधको उपलब्धता गराउनु पर्ने अपरिहार्यता समेत रहेको छ । यसको लागि दुग्ध उत्पादन देखि प्रशोधन र बजारीकरणमा समेत कृषक, उद्यमी, व्यवसायि लगायत दुग्ध उत्पादक सहकारी संस्थाहरु समेतलाई विभिन्न कार्यक्रम मार्फत अनुदान उपलब्ध गराउँदै आएको र आगामी दिनमा दुग्ध उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा संगठित रुपमा सञ्चालित डेरी एशोसिएसनहरुसँग समेत सहकार्य गरी गुणस्तरयुक्त दुध उत्पादनमा जोड दिने र दुधको प्रशोधन र बजारीकरणलाई प्रवर्द्धन समेत गर्दै दुध उत्पादन बृद्धीगर्ने अभिप्रायले नेपाल सरकारको साना किसान डेरी मिसन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

१) प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

यो कार्यविधिको नाम "साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४" रहेको छ।

१. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"मन्त्रालय"** भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।
२. **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।
३. **"निर्देशनालय"** भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ।
४. **"कार्यालय"** भन्नाले पशु सेवामा सम्लग्न स्थानीय तहका सरकारी निकाय सम्झनु पर्नेछ।
५. **"कार्यविधि"** भन्नाले "साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४" सम्झनु पर्नेछ।
६. **"एशोसिएसन"** भन्नाले दुध संग सम्बन्धित सम्पूर्ण एशोसिएसनहरुलाई सम्झनु पर्नेछ ।

३) उद्देश्यः

१) परिमाणात्मक र गुणात्मक रुपमा दुधको उत्पादन वृद्धी गर्ने ।

२) दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

३) निजी क्षेत्रमा आवद्ध दुग्ध उत्पादक, प्रशोधक, वितरक तथा दुग्ध प्राविधिकहरुको दक्षता अभिवृद्धी गरी गुणस्तरीय दुग्ध कारोवारलाई प्रवर्द्धन गर्ने ।

४) दुग्ध कारोवारमा संलग्न दुग्ध उत्पादक सहकारी संस्था, जिल्ला दुग्ध उत्पादक सहकारी संघ र केन्द्रिय दुग्ध सहकारी संघ समेतसँगको सहकार्यको माध्यमबाट दुधको उत्पादन देखि उपभोगसम्मका चरणहरुमा गुणस्तर व्यवस्थापन र मूल्य श्रृंखला व्यवस्थापनमा समेत जोड दिने ।

५) मन्त्रालयको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

६) दुग्ध क्षेत्रका सरोकारवालाहरु संगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने।

४) **कार्यक्रम अवधिः** यो कार्यविधि संशोधन गर्नुपर्ने अवस्था नआउन्जेल/संशोधन नहुन्जेलको अवधिसम्म लागू हुनेछ ।

५) **कार्य संचालन प्रकृयाः**

१. निर्देशनालयले सरोकारवालाहरुसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनका लागि अनुसूचि-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ।

२. प्रकाशित सूचना बमोजिम न्यूनतम् मापदण्ड पुरा गरेका सरोकारवालाहरुले कार्यालयमा प्रस्तावना पेश गर्नेछन् र कार्यालयले फिल्ड भेरीफिकेसन गरी सिफारिश सहित उक्त प्रस्तावना निर्देशनालयमा पेश गर्नेछन् ।

३. **सरोकारवालाहरुको मापदण्ड**

क) नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको ।

ख) भ्याट वा पान दर्ता भएको ।

ग) करचुक्ता गरेको ।

घ) कम्तिमा ३ वर्ष दुग्ध प्रशोधन र विविधिकरण गरेको अनुभव भएको।

ङ) सरोकारवालाहरुले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको ।

च) कुनै पनि कारवाहीमा नपरेको स्वघोषणा पेश गरेको ।

छ) लेखा परिक्षण प्रतिवेदन पेश गरेको ।

ज) वार्षिक साधारण सभा गरेको प्रमाण पेश गरेको ।

४. कार्यालयबाट सिफारिश सहित प्राप्त प्रस्तावनाहरुको निर्देशनालयले मूल्यांकन गरी निर्देशक समिति समक्ष पेश गर्नेछ ।

४.१ निर्देशक समिति

| | |
|---|---|
| महानिर्देशक, पशु सेवा विभाग | संयोजक |
| उपमहानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय | सदस्य |
| प्रमुख, केन्द्रिय गाईभैंसी प्रवर्द्धन कार्यालय | सदस्य |
| फोकल अधिकृत, पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

४.२ मूल्यांकन समितिबाट पेश भएको मूल्यांकन नतिजाको अध्ययन गरी निर्देशक समितिले अन्तिम स्वीकृतिका लागि निर्देशनालयका कार्यक्रम निर्देशकलाई निर्देशन दिनेछ ।

५. प्रस्तावनाहरुको मूल्यांकनका लागि तपसिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| निर्देशनालयका व.प.वि.अ. | संयोजक |
| केन्द्रिय गाइभैंसी प्रवर्द्धन कार्यालयका प्रमुख | सदस्य |
| विभाग/निर्देशनालयका लेखा अधिकृत | सदस्य |
| डेरी विशेषज्ञ | सदस्य |
| निर्देशनालयका सम्पर्क अधिकृत | सदस्य सचिव |

६. मूल्यांकन समितिले पर्न आएका निवेदनहरुमध्ये डेरी एशोसिएसनसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रमको अनुसूचि २.१ र सार्वजिनक निजि साझेदारीमा डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना र सार्वजिनक निजि साझेदारीमा दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रमहरुको अनुसूचि २.२ अनुसारको आधारमा मूल्यांकन गर्नेछ ।

७. अनुदानको लागि छनौट भएका सरोकारवालासंग निर्देशनालयले अनुसूची ३ बमोजिम सम्झौता गर्नेछ ।

८. सम्झौतापछि छनौट भएका सरोकारवालाले प्रस्तावना र सम्झौता बमोजिमका कार्यहरु गर्नेछन् र सरोकारवालाहरुले गरेको कार्य प्रगतिका आधारमा खर्चका विल भर्पाईहरु एवं सम्बन्धित कागजात पेश गरी अनुदान रकमको भुक्तानी माग गर्नेछन् ।

९. निर्देशनालयले स्थलगत अनुगमन गरी सम्पन्न कार्यको प्रतिवेदनका आधारमा अनुदान रकम भुक्तानी गर्नेछ ।

१०.सरोकारवालाले प्राप्त अनुदान रकमबाट सम्पन्न गरेका कार्यहरुको विस्तृत प्रगति विवरणहरु निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ ।

११. यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचिहरुको निर्माण र परिमार्जन निर्देशनालयले गर्न सक्नेछ ।

६) **सञ्चालन गरिने कार्यक्रमहरु र कार्यक्रमको क्षेत्रः**

६.१ **डेरी एशोसिएसनसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रमः**

यो कार्यक्रम कार्यान्वयनका लागि डेरी एशोसिएसनहरुले तपसिलमा उल्लेखित मध्येका काम गर्नेगरी प्रस्तावना पेश गर्नेछन् । यस अन्तर्गतका कार्यहरु गर्दा मध्यपहाडी लोकमार्ग र हुलाकी मार्ग आसपासका क्षेत्रका साना किसानहरुबाट उत्पादित दुधलाई संकलन गरी राष्ट्रिय बजार सञ्जालमा ल्याउन प्राथिमकताका साथ कार्यक्रम गर्नु पर्नेछ ।

<u>तपसिल</u>

- दुध टयांकर खरिद
- गुणस्तरीय दुध संकलन, ढुवानी, प्रसोधन, चिलिङ्ग
- दुग्ध उत्पादन विविधिकरण
- दुध र दुग्धजन्य पदार्थहरुको बजारीकरण
- दुधको गुणस्तर अभिबृद्धीका कार्यहरु

६.२ **सार्वजनिक निजी साझेदारीमा राष्ट्रिय डेरी अभियान कार्यक्रमः**

६.२.१ **सार्वजनिक निजी साझेदारीमा साना डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना कार्यक्रमः**

सात प्रदेशहरुमा प्रति प्रदेश एउटाका दरले कूल ७ वटा डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना र संचालन कार्यक्रम कार्यान्वयन गर्ने गरी प्रति प्रदेश कम्तिमा ५०० लिटर क्षमताको व्याच पास्चुराइजर खरिद र सञ्चालन गर्नेगरी बुँदा नं. ५.३ बमोजिम मापदण्ड पुरा गरेका सरोकारवालाहरुले प्रस्तावना पेशगर्न सक्नेछन् ।

६.२.२ **सार्वजनिक निजी साझेदारीमा दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रमः**

सात प्रदेशहरुमा प्रति प्रदेश एउटाका दरले कूल ७ वटा दुग्ध चिस्यान केन्द्र स्थापना र संचालन कार्यक्रम कार्यान्वयन गर्ने गरी प्रति प्रदेश कम्तिमा १००० लिटर क्षमताको चिलिङ्ग भ्याट खरिद र सञ्चालन गर्नेगरी बुँदा नं. ५.३ बमोजिम मापदण्ड पुरा गरेका सरोकारवालाहरुले प्रस्तावना पेश गर्न सक्नेछन् ।

७) प्रस्तावित आर्थिक नर्मस

७.१ डेरी एशोसिएसनसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रम

| आर्थिक नर्मस (विनयोजित बजेटको परिधीभित्र रही) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | कृयाकलाप | इकाइ | परिमाण | दर रु | जम्मा बजेट रु |
| १. | स्वीकृत प्रस्तावना अनुसार अनुदान | पटक | २ | ४५००००० | ९०००००० |
| | जम्मा | | | | ९०००००० |

७.२ सार्वजनिक निजी साझेदारीमा साना डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना कार्यक्रम कार्यान्वियनको लागि प्रस्तावित आर्थिक नर्मस

| आर्थिक नर्मस (विनयोजित बजेटको परिधीभित्र रही) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | कृयाकलाप | इकाइ | परिमाण | दर रु | जम्मा बजेट रु |
| १. | सुचना तयारी तथा प्रकाशन | पटक | १ | ७५००० | ७५००० |
| २. | फिल्ड भेरिफिकेसन, मूल्यांकन आदि | पटक | १ | ८०००० | ८०००० |
| ३. | स्वीकृत प्रस्तावना अनुसार डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना र संचालनमा अनुदान | पटक | ७ | ४७०००० | ३२९०००० |
| ४. | कार्यक्रमको अनुगमन र प्रतिवेदन | पटक | १ | ५५००० | ५५००० |
| | जम्मा | | | | ३५००००० |

७.३ सार्वजनिक निजी साझेदारीमा दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रम कार्यान्वियनको लागि प्रस्तावित आर्थिक नर्मस

| आर्थिक नर्मस (विनयोजित बजेटको परिधीभित्र रही) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | कृयाकलाप | इकाइ | परिमाण | दर रु | जम्मा बजेट रु |
| १. | सुचना तयारी तथा प्रकाशन | पटक | १ | ७५००० | ७५००० |
| २. | फिल्ड भेरिफिकेसन, मूल्यांकन आदि | पटक | १ | ८०००० | ८०००० |
| ३. | स्वीकृत प्रस्तावना अनुसार दुग्ध चिस्यान केन्द्र स्थापना र संचालनमा अनुदान | पटक | ७ | ४७०००० | ३२९०००० |
| ४. | कार्यक्रमको अनुगमन र प्रतिवेदन | पटक | १ | ५५००० | ५५००० |
| | जम्मा | | | | ३५००००० |

७.४ कूल खर्चलाई १०० प्रतिशत मानी यो कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमलाई ७० प्रतिशत र बाँकी ३० प्रतिशत रकम सम्बन्धित प्रस्तावकले लगानी गर्नुपर्नेछ र यसरी गर्ने लगानी सामान खरिद, ढुवानी र मेशिनरी सामान इन्स्टलेसनमा खर्च गर्नुपर्नेछ ।

८) आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

९) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची - १

# साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव आब्हान

पशु उत्पादन निर्देशनालयको आ.व. २०७४/०७५ को वार्षिक स्विकृत कार्यक्रम अनुसार साना किसान डेरी मिसन कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागि हुन इच्छुक कार्यविधिको बुँदा नं. ५.३ अनुसारको न्यूनतम मापदण्ड पुरा गरेको सरोकारवालाहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आफुले सञ्चालन गर्न लागेको दुग्ध क्षेत्रको प्रवर्द्धनात्मक कार्यहरुको विस्तृत विवरण सहितको प्रस्तावना तयार गरी यस निर्देशनालयमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । तीनवटा कार्यक्रममध्ये एक प्रस्तावकले कुनै एक कार्यक्रममा मात्र प्रस्ताव पेश गर्न सक्नेछन् । विस्तृत जानकारीको लागि पशु उत्पादन निर्देशनालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**प्रस्तावना पेश गर्न सकिने कार्यक्रमहरुः**

१ डेरी एशोसिएसनसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रम

२ सार्वजनिक निजी साझेदारीमा साना डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना कार्यक्रम

३ सार्वजनिक निजी साझेदारीमा दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रम

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु उत्पादन निर्देशनालय
हरिहरभवन, ललितपुर
फोन नं ०१-५५२२०३१
इमेलः **info@dolp.gov.np**
**websitr: www.dolp.gov.np**

अनुसूची-२.१

साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयनका लागि

**डेरी एशोसिएसनसँगको सहकार्यमा दुग्ध क्षेत्र सुधार कार्यक्रमको**

प्रस्तावना छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं | प्रस्तावक सरोकारवालाको नाम | ठेगाना | प्रस्तावना बमोजिम गर्न लागेको काम (२५)* | काम गर्ने क्षेत्र (२५)+ | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५)# | सरसफाई र अभिलेख व्यवस्थापन (२५)& | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

* दुग्ध उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्बन्धित गाडी तथा उपकरणहरु खरिद र बजारीकरण एवं विविधिकरणको हकमा २५ र सो वाहेकका कामको हकमा कामको प्रकृति अनुसार २० वा सोभन्दा कम अंक दिने ।

+ दुग्ध उत्पादन, प्रशोधन र बजारीकरणको दृष्टिकोणले उपयुक्त (**Potential**) स्थानको हकमा २५ र सो भन्दा कम उपयुक्त स्थान भएमा २० अंक दिने ।

# दैनिक दुध संकलन र प्रशोधन १५०० लिटरभन्दा बढी भएमा २५ र सो भन्दा कम भएमा २० अंक दिने ।

& अभिलेख व्यवस्थापनमा कम्प्युटरको प्रयोग भएकोलाई २५ र नभएकोलाई २० अंक दिने ।

| नाम थरः | पदः | कार्यालय/ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

## अनुसूची २

### साना किसान डेरी मिसन कार्यक्रम कार्यान्वयनका लागि

### सार्वजिनक निजि साझेदारीमा डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना र सार्वजिनक निजि साझेदारीमा दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रमहरुको

प्रस्तावना छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं | प्रस्तावक सरोकारवालाको नाम | ठेगाना | प्रस्तावना बमोजिम गर्न लागेको काम (२५)* | संस्थामा आवद्ध सदस्य/ संस्था संख्या (२५)+ | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५)# | सरसफाई र अभिलेख व्यवस्थापन (२५)& | कुल प्रासांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

* दुग्ध उत्पादनसंग, प्रशोधन र बजारीकरणसँग सम्बन्धित कम्तिमा ५ वर्षको अनुभव भएकोलाई २५ र सो भन्दा कम अनुभव भएकोलाई २० अंक दिने ।

\+ सदस्य संख्या २० भन्दा बढी भएमा २५ र सो भन्दा कम भएमा २० अंक दिने ।

\# दैनिक दुध संकलन र प्रशोधन १५०० लिटरभन्दा बढी भएमा २५ र सो भन्दा कम भएमा २० अंक दिने ।

& अभिलेख व्यवस्थापनमा कम्प्युटरको प्रयोग भएकोलाई २५ र नभएकोलाई २० अंक दिने ।

| नाम थर: | पद: | कार्यालय/ठेगाना | दस्तखत |
|---|---|---|---|

१.

२.

३.

४.

अनुसूची ३

## साना किसान डेरी मिसन कार्यक्रम कार्यक्रमको सम्झौताको ढाँचा

नेपाल सरकार, पशु उत्पादन निर्देशनालय हरिहरभवन, ललितपुर (यसपछि प्रथम पक्ष भनिने) र ...................................... (यसपछि दोश्रो पक्ष भनिने) बिच ...................................... कार्यक्रम कार्यान्वयन गर्न गराउन तपसिल बमोजिमका शर्तहरुको पालना गर्ने गराउने गरी यो सम्झौता गरिएको छ ।

तपिसल

१ दोश्रो पक्षले प्रस्तावनामा पेश गरे अनुसारका कार्यहरु कार्यान्वयन गर्नु पर्नेछ र उक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा गराउँदा प्रथम पक्षलाई आमन्त्रण गरी सहभागि गराउनु पर्नेछ ।

२ दोश्रो पक्षले कार्य सम्पन्न भएपछी सोको विस्तृत विवरण सहितको प्रगति प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

३ दोश्रो पक्षले प्रस्तावना र सम्झौता बमोजिम आफुले गरेका कार्यका खर्चका विल भर्पाईहरु प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४ प्रथम पक्षले दोश्रो पक्षले गरेका कार्यहरुको आधारमा प्राप्त गर्ने अनुदान रकम दोश्रो पक्षको बैंक खातामा जम्मा गरिदिने छ ।

५ दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६ सम्झौता सम्पन्न भईसकेपछी कार्य गर्ने दौरानमा कुनै पनि बाधा अड्चन वा समस्या आइपरे प्रथम र दोश्रो पक्षविच सल्लाह र समझदारी गरी समाधान गरिने छ ।

७ यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई
यो सम्झौतामा दस्तखत गर्दछौं ।

**दोश्रो पक्ष**
दस्तखत:
नाम:
पद:
संस्था:

**रोहवर**
दस्तखत:
नाम:
पद:
संस्था:

**प्रथम पक्ष**
दस्तखत:
नाम:
पद:
कार्यालय:

**रोहवर**
दस्तखत:
नाम:
पद:
कार्यालय:

इति सम्बत् ............. साल ............. महिना ....... गते रोज ....... शुभम् ।